महाबु गाउँपालिका गाउँ कार्यपालिका बैठक २-२०८३।८४ मिति २०८३।०५।२५

आज मिति २०८३ साल भदौ २५ गतेका विहानको ११:०० बजेको समयमा महाबु गाँउपालिका, दैलेखका अध्यक्ष श्री जंग बहादुर शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

तपसिल

| क स | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | (दस्तखत) | जंग बहादुर शाही | अध्यक्ष | महाबु गाउँपालिका, दैलेख |
| २ | | मन्जुकुमारी शर्मा(पाण्डे) | उपाध्यक्ष | महाबु गाउँपालिका, दैलेख |
| ३ | (दस्तखत) | उदयराज उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | महाबु गाउँकार्यपालिका कार्यालय |
| ४ | (दस्तखत) | सर्वराज सार्की | वडा अध्यक्ष | १ नं वडा कार्यालय |
| ५ | | प्रकाशराज थापा | वडा अध्यक्ष | २ नं वडा कार्यालय |
| ६ | (दस्तखत) | कृष्णकुमार दाहाल | वडा अध्यक्ष | ३ नं वडा कार्यालय |
| ७ | | रामबहादुर शाही | वडा अध्यक्ष | ४ नं वडा कार्यालय |
| ८ | (दस्तखत) | दिपबहादुर शाही | वडा अध्यक्ष | ५ नं वडा कार्यालय |
| ९ | (दस्तखत) | रेशमबहादुर थापामगर | वडा अध्यक्ष | ६ नं वडा कार्यालय |
| १० | | बसन कुमारी खत्री | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| ११ | (दस्तखत) | कृष्णादेवी जैसी | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| १२ | | मानकला सलामी | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| १३ | | पवित्राकुमारी गिरी | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| १४ | (दस्तखत) | रामे कामी | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| १५ | | कुमार नेपाली | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |

आमन्त्रीत

सहयोगी कर्मचारी

श्री नन्दाराम बुढा कार्यालय सहयोगी महाबु गाउँपालिका दैलेख

महाबु गाउँपालिका गाउँ कार्यपालिका बैठक २-२०८३।८४ मिति २०८३।०५।२५

प्रस्तावहरु

१) शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

२) बाढी प्रभावित क्षेत्रका लागि सहयोग रकम उपलब्ध गराउने सम्बन्धमा । ।

३) ठेक्का सम्झौताको म्याद थप गर्ने सम्बन्धमा

४) महाबु गाउँपालिका समेत रहेको मुद्दामा अधिवक्ता र कर्मचारी तोक्ने सम्बन्धमा ।

५) कार्यविधि स्विकृत गर्ने सम्बन्धमा ।

६) स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा भोटेकोशी नदीमा आएको बाढीका कारण ज्यान गुमाउनु भएका सम्पूर्ण मृतकहरूप्रति महाबु गाउँ कार्यपालिका गहिरो दुःख व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्ने तथा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्ने निर्णय गरियो। साथै, बाढीमा परी घाइते हुनुभएका सम्पूर्णको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै प्रभावित नागरिकको उद्धार, उपचार तथा राहत व्यवस्थापनमा सम्बन्धित निकायबाट आवश्यक सहयोग र समन्वयका लागि अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा हालै भोटेकोशी नदीमा आएको बाढी तथा देशका विभिन्न स्थानमा भएको बाढी, पहिरो लगायतका विपद् बाट प्रभावित नागरिकको राहत तथा उद्धार कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा महाबु गाउँपालिकाको तर्फबाट रु. २११११११।०० (अक्षरेपी दुई लाख एघार हजार एक सय एघार मात्र) सहयोग रकम उपलब्ध गराउने र जनप्रतिनिधिहरु र कर्मचारीहरुको पारिश्रमिकबाट तपसिल बमोजिमको रकम कट्टा गरी उक्त कोषमा रकम जम्मा गर्ने निर्णय गरियो।

| क स | विवरण | रकम |
|---|---|---|
| १ | गाउँपालिकाको विपद् व्यवस्थापन कोष | २११११११।०० |
| २ | जनप्रतिनिधिहरुको सेवा सुविधा | ५ दिनको सेवा सुविधा |
| ३ | कर्मचारीहरुको पारिश्रमिक | कर्णाली प्रदेश सरकारको निर्णय अनुसार |

महाबु गाउँपालिका गाउँ कार्यपालिका बैठक २-२०८३।८४ मिति २०८३।०५।२५

<u>निर्णय नं ३</u>

प्रस्ताव नं ३ माथि छलफल गर्दा

क) महाबु गाउँपालिकाबाट सञ्चालन भइरहेको काशिकाध स्वास्थ्य चौकी भवन निर्माण आयोजनाको ठेक्का सम्झौता नं. MRM/NCB/06/077/78, मिति २०७८।०१।०५ बमोजिम श्री धुलिखेल जेके जेभि सँग भएको सम्झौताको कार्य सम्पन्न गर्ने म्याद २०८२ चैत मसान्त सम्म रहेकोमा निर्माण सामाग्रीको अभाव र इन्धनमा भएको अत्याधिक मुल्य वृद्धि, प्रतिनिधि सभा निर्वाचनका कारणबाट तोकिएको अवधिभित्र कार्य सम्पन्न हुन नसकेको भनी निर्माण व्यवसायीबाट म्याद थपका लागि निवेदन पेश भएको र सम्बन्धित प्राविधिकबाट समेत म्याद थप गर्नुपर्ने व्यहोरा सहितको प्रतिवेदन/सिफारिस प्राप्त भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को पन्ध्रौं संशोधनबाट कायम भएको सम्बन्धित व्यवस्था तथा ठेक्का सम्झौताका शर्तहरू बमोजिम उक्त ठेक्का सम्झौताको म्याद मिति २०८३ चैत मसान्त सम्म थप गर्ने निर्णय गरियो।

थप गरिएको अवधिभित्र बाँकी कार्य अनिवार्य रूपमा सम्पन्न गर्न निर्माण व्यवसायीलाई निर्देशन दिने तथा सम्झौताबमोजिम लाग्ने हर्जाना, क्षतिपूर्ति, मूल्य समायोजन, थप दायित्व लगायतका विषयमा प्रचलित कानून तथा सम्झौताका शर्तबमोजिम आवश्यक कारवाही गर्ने निर्णय गरियो।

साथै, म्याद थपसम्बन्धी सम्पूर्ण आवश्यक कागजात संलग्न गरी सम्झौताको म्याद संशोधन/थप गर्ने कार्य सम्बन्धित शाखाबाट प्रचलित कानूनबमोजिम गर्ने निर्णय गरियो।

ख) महाबु गाउँपालिकाबाट सञ्चालन भइरहेको १० शैया महाबु अस्पताल भवन निर्माण आयोजनाको ठेक्का सम्झौता नं. MRM/NCB/13/077/78, मिति २०७८।०१।१२ बमोजिम श्री मजदुर न्यौपाने जे.भी. फुकोट कालिकोटसँग भएको सम्झौताको कार्य सम्पन्न गर्ने म्याद २०८२ चैत मसान्त सम्म रहेकोमा निर्माण सामाग्रीको अभाव र इन्धनमा भएको अत्याधिक मुल्य वृद्धि, प्रतिनिधि सभा निर्वाचनका कारणबाट तोकिएको अवधिभित्र कार्य सम्पन्न हुन नसकेको भनी निर्माण व्यवसायीबाट म्याद थपका लागि निवेदन पेश भएको र सम्बन्धित प्राविधिकबाट समेत म्याद थप गर्नुपर्ने व्यहोरा सहितको प्रतिवेदन/सिफारिस प्राप्त भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को पन्ध्रौं संशोधनबाट कायम भएको सम्बन्धित व्यवस्था तथा ठेक्का सम्झौताका शर्तहरू बमोजिम उक्त ठेक्का सम्झौताको म्याद मिति २०८३ चैत मसान्त सम्म थप गर्ने निर्णय गरियो।

थप गरिएको अवधिभित्र बाँकी कार्य अनिवार्य रूपमा सम्पन्न गर्न निर्माण व्यवसायीलाई निर्देशन दिने तथा सम्झौताबमोजिम लाग्ने हर्जाना, क्षतिपूर्ति, मूल्य समायोजन, थप दायित्व

लगायतका विषयमा प्रचलित कानून तथा सम्झौताका शर्तबमोजिम आवश्यक कारवाही गर्ने निर्णय गरियो।

साथै, म्याद थपसम्बन्धी सम्पूर्ण आवश्यक कागजात संलग्न गरी सम्झौताको म्याद संशोधन/थप गर्ने कार्य सम्बन्धित शाखाबाट प्रचलित कानूनबमोजिम गर्ने निर्णय गरियो।

निर्णय नं ४:-

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यालय समेत सुर्खेत उच्च अदालतमा दर्ता भएको रिट नं ०८३-WO-००११ को निवेदक रिता कुमारी खत्री भएको उत्प्रेषण/ प्रमादेश भन्ने रिट निवेदनमा महाबु गाउँपालिका गैडाबाज दैलेख, महाबु गाउँपालिका शिक्षा समिति, महाबु गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतको तर्फबाट कानुन बमोजिमको म्याद भित्र लिखित जवाफ तयार गर्ने र उक्त रिट निवेदनमा बहस पैरवी गर्नका लागि अधिवक्ता श्री खगेन्द्र बहादुर खनाल (प्रमाणपत्र नं १६२३५) लाई तोकि पठाउने र रिट निवेदनमा महाबु गाउँपालिका गैडाबाज दैलेख, महाबु गाउँपालिका शिक्षा समिति, महाबु गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतको तर्फबाट कानुन बमोजिमको म्याद भित्र लिखित जवाफ तयार गरि दर्ता गर्ने, तारिखमा रहि मुद्दाको पुर्पक्षमा रहन, वारेसनामा दिन, कानून व्यवसायी नियुक्त गर्ने र मुद्दा पुर्पक्षका क्रममा गर्नुपर्ने अन्य कार्य गर्नका लागि यस गाउँपालिकाका प्रमुख शिक्षा अधिकृत पदमा कार्यरत श्री कृष्ण बहादुर वलीलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ५:-

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यालय समेत सुर्खेत उच्च अदालतमा दर्ता भएको रिट नं ०८३-WO-००१३ को निवेदक रिता कुमारी खत्री समेत भएको उत्प्रेषण/ प्रमादेश भन्ने रिट निवेदनमा महाबु गाउँपालिका गैडाबाज दैलेख, महाबु गाउँपालिका शिक्षा समिति, महाबु गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, बरिष्ठ शिक्षा अधिकृतको तर्फबाट कानुन बमोजिमको म्याद भित्र लिखित जवाफ तयार गर्ने र उक्त रिट निवेदनमा बहस पैरवी गर्नका लागि अधिवक्ता श्री खगेन्द्र बहादुर खनाल (प्रमाणपत्र नं १६२३५) लाई तोकि पठाउने र रिट निवेदनमा महाबु गाउँपालिका गैडाबाज दैलेख, महाबु गाउँपालिका शिक्षा समिति, महाबु गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, बरिष्ठ शिक्षा अधिकृतको तर्फबाट कानुन बमोजिमको म्याद भित्र लिखित जवाफ तयार गरि दर्ता गर्ने, तारिखमा रहि मुद्दाको पुर्पक्षमा रहन, वारेसनामा दिन, कानून व्यवसायी नियुक्त गर्ने र मुद्दा पुर्पक्षका क्रममा गर्नुपर्ने अन्य कार्य गर्नका लागि यस गाउँपालिकाका प्रमुख शिक्षा अधिकृत पदमा कार्यरत श्री कृष्ण बहादुर वलीलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

महाबु गाउँपालिका गाउँ कार्यपालिका बैठक २-२०८३।८४ मिति २०८३।०५।२५

निर्णय नं ६:-

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउँपालिकाको सामाजिक सुरक्षा भत्ता कार्यक्रमका लागि योग्य सबै लाभग्राहीहरुको पँहुच सुनिश्चित गर्न निर्माण गरिएको आधारभुत कार्यविधि २०८३ स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ७:-

प्रस्ताव नं ७ माथि छलफल गर्दा स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०८३ भदौ २५ गतेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ८:-

प्रस्ताव नं ८ माथि छलफल गर्दा वर्षादका कारण पहिरो जोखिम भएका तपसिल बमोजिमको स्थानमा मर्मत सम्भार कोष बाट बजेट व्यवस्थापन हुने गरी तत्काल प्राविधिक मुल्याङ्कनका आधारमा मर्मत सम्भार गरी जोखिम कम गर्ने निर्णय गरियो ।

| क स | स्थानको नाम र वडा | |
|---|---|---|
| १ | तल्लो साजु सल्लेरी (मान बहादुर शाहीको घर भएको स्थानमा ) महाबु ५ | १५०००० |
| २ | नाइकेटोल र जुगेपानी महाबु ५ | ६०००० |
| ३ | एकपाटे टाकुरी गोरेटो बाटो महाबु ६ | १०००० |